# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाडौं

मिति: २०७६।०२।१७ गते

# प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

---

चौफा सव-डिभिजन वन कार्यालय, चौरजहारी, रूकुम (पश्चिम) मा कार्यरत फरेष्टर महेन्द्र बि.सी.ले कु-काठ कटान आदेशको काममा सहजीकरण गर्ने प्रयोजनको लागि सेवाग्राहीसँग घुस रकम माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, सुर्खेतबाट खटिइ गएको टोलीले निज फरेष्टर महेन्द्र वि.सी.लाई सेवाग्राहीबाट रू.७,०००।-(सात हजार) घुस बापतको रकम लिइसकेको अवस्थामा नियन्त्रणमा लिई अनुसन्धान हुँदा निज फरेष्टर महेन्द्र बि.सी.ले सेवाग्राहीलाई कु-काठ काट्नका लागि आदेश लिन सहज गराइदिए बापत घुस रकम माग गरी लिई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) को कसुर गरेको सप्रमाण पुष्टि भएकोले निजलाई बिगो रू.७,०००।-(सात हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)

प्रवक्ता